गाउँ कार्यपालिकाको १२ (बाह्रौं) बैठक / २०८२/०८३

मिति : २०८२ साल माघ १७ गते शनिबार

अध्यक्षता : श्री किरण राई ( गाउँपालिका अध्यक्ष )

समय : विहान : ७ :३० बजे

स्थान : पौवादुङमा गाउँपालिका

उपस्थिती

| क. सं. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | किरण राई | अध्यक्ष | |
| २ | ज्योत्सना राई | उपाध्यक्ष | |
| ३ | राजेन्द्र तामाङ | सदस्य | |
| ४ | हरेन्द्र बहादुर पौडेल | सदस्य | |
| ५ | तिर्थ बहादुर कार्की | सदस्य | अनुपस्थित |
| ६ | रमेश राई | सदस्य | अनुपस्थित |
| ७ | बोम प्रसाद राई | सदस्य | |
| ८ | दक्ष कुमार राई | सदस्य | |
| ९ | पोसी शेर्पा | सदस्य | |
| १० | ईन्दिरा भट्टराई | सदस्य | |
| ११ | पवित्र भुजेल | सदस्य | अनुपस्थित |
| १२ | लक्ष्मी तामाङ के. सी. | सदस्य | |
| १३ | अमित देवी राई | सदस्य | अनुपस्थित |
| १४ | गोमा बोहोरा (सार्की) | सदस्य | अनुपस्थित |
| १५ | नविन भट्टराई | सदस्य सचिव | |

सचिवालय सहयोगी कर्मचारी

१. बैठक व्यवस्थापन तथा माईन्यूट सहयोगी श्री बुद्धिमान तामाङ

प्रस्तावहरु

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. पालिकास्तरीय सुरक्षित नागरिक आवास समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

३. आगामी आ. व. २०८३/०८४ को लागि सङ्घीय समपुरक अनुदान र सङ्घीय विशेष अनुदानका लागि आयोजना छनौट सम्वन्धमा ।

४. चालू आ. व. को समपुरक अनुदान अन्तरगत आयोजनाको प्रगती समिक्षा सम्वन्धमा ।

५. चालू आ. व. को विशेष अनुदान अन्तरगत आयोजनाको प्रगती समिक्षा सम्वन्धमा ।

६. अन्य विविध प्रस्ताव सम्वन्धमा ।

नविन भट्टराई
अधिकृत

किरण राई
अध्यक्ष

मिति २०८२ साल माघ १७ मा सम्पन्न १२ (बाह्रौं) कार्यपालिका बैठकबाट पारीत निर्णयहरु :

निर्णय नं. १

गाउँ कार्यपालिकाको एघारौं बैठकबाट पारीत निर्णयहरु कार्यान्वयनको सन्दर्भमा समिक्षात्मक छलफल भई जानकारी भयो ।

निर्णय नं. २

चालू आ व. ०८२/०८३ को सुरक्षित आवास कार्यक्रम अन्तरगत स्वीकृत नीति तथा कार्यक्रम अनुसार यस गाउँपालिकाको ६ वटै वडा भित्रका फुसको छानालाई बिस्थापित गरी हरियो जस्तापाता वितरण गर्ने सन्दर्भमा पालिकास्तरीय सुरक्षित नागरिक आवास समितिबाट मिति २०८२ पौष १५ मा भएको निर्णय सर्व सम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

आगामी आ. व. ०८३/०८४ को लागि गाउँपालिकाको लागत साझेदारीमा संचालन हुने गरी सङ्घीय समपुरक तथा विशेष अनुदान तर्फ देहायका आयोजनाहरु छनौट गरी पठाउने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

(क) समपुरक अनुदान तर्फ :

(१) च्याङ्ग्रेदेखि डिपबोरिङ्गसम्मको सडक कालोपत्रे

(ख) विशेष अनुदान तर्फ :

(१) पौवादुङमा गाउँपालिकाको अकबरे खुर्सानी व्यवसायिक उत्पादन, बजारीकरण तथा मूल्य श्रृंखला प्रोत्साहन कार्यक्रम ।

(२) पौवादुङमा बृहत खानेपानी आयोजना

निर्णय नं. ४

चालू आ. व. को सङ्घीय तथा प्रदेश समपुरक तथा विशेष अनुदान तर्फको आयोजनाहरुको सन्दर्भमा समपुरक अनुदान तर्फको आयोजनाको ठेक्का स्वीकृत भई सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र विशेष अनुदान तर्फका अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम अन्तरगत निम्न सामाग्री खरिदका लागि ठेक्का आह्वान सर्व सम्मत निर्णय गरियो ।

तपसिल :

(क) मिनि टिलर १७० एकसय सत्तरी वटा

(ख) मल्चिङ्ग १६०० एक हजार छसय वटा

(ग) टनेल

(घ) प्लाष्टिक पोखरी

निर्णय नं. ५

पौवादुङमा गाउँपालिका अन्तरगतका सबै वडाहरुका नागरिकहरुलाई सेवा पुऱ्याउने उद्धेश्यका साथ नवदृष्टि आँखा अस्पताल प्रा. लि. खाँदबारी संखुवासभाको प्राविधिक सहयोग एवं पौवादुङमा गाउँपालिकाको समवन्यमा यहि मिति २०८२/१०/१८ गते देखि २३ गतेसम्म आँखा शिविर संचालन सम्वन्धी कार्यालयले मिति २०८२/१०/१३ मा प्रकाशन गरिएको सार्वजनिक सूचना सर्ब सम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष

निर्णय नं. ६

पौवादुङमा गाउँपालिका अन्तरगत ६ नं. वडा ठुलोदुम्मा एवं अन्य संभावित क्षेत्र भित्र गाउँपालिकाको अनुदानमा सञ्चालन गरिने अदुवा खेतिलाई व्यवस्थित र दिगो बनाउन तयार गरिएको **"अदुवा खेति प्रवर्द्धन कार्यक्रम सञ्चालन मापदण्ड, २०८२"** स्वीकृत गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ७

गाउँपालिकाको मुख्य प्रायोजक तथा पौवादुङमा बृहत माघी मेला तथा तेश्रो पौवादुङमा गोल्डकप संचालन समितिको आयोजनामा यहि माघ १४-२३ सम्म संचालित तेश्रो आमान्त्रित पौवादुङमा गोल्डकप, २०८२ तथा बृहत माघी मेलाको अबसरमा खेलकुद तथा विशेष लोक गीत प्रतियोगिता सहितको बिविध साँगीतिक कार्यक्रमहरुका साथ संचालन हुने भएकोले उक्त अवसरमा यस पौवादुङमा गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा आकस्मिक सेवा बाहेकका अन्य शैक्षिक संस्थाहरु, गाउँपालिका तथा वडा कार्यालयहरुमा यहि माघ २१, २२ र २३ गते ३ (तीन) दिन स्थानीय बिदा दिने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. ८

यस चालू आ. व. ०८२/०८३ मा सडक बोर्डबाट प्राप्त अनुदान रकमबाट यस गाउँपालिकाको १ नं. वडा जोड्ने निम्न सडक स्तरोन्नतीका लागि छनौट गर्ने सर्व सम्मत निर्णय गरियो ।

देहाय :

१. मध्यपहाडी लोकमार्ग शुक्रबारे देखि १ नं. वडा कार्यालय जोड्ने कृषि सडक - पौवादुङमा - १

निर्णय नं. ९

पौवादुङमा गाउँपालिका भित्रका व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा सघाउ पुर्‍याउने उद्धेश्यका साथ कृषकहरुबाट उत्पादन गरिएका कृषि सामाग्रीहरुलाई स्थानीय तथा बाह्य बजारसम्म ढुवानी गरी बिक्री वितरणमा सहजता ल्याउने उद्धेश्यका साथ गाउँपालिकाबाट सञ्चालन गरिएको कृषि एम्बुलेन्स सेवा सवारी चालकले राजीनामा दिईएको कारण स्थगीत रहेको हुँदा उक्त कृषि एम्बुलेन्स संचालनका लागि पौवादुङमा गाउँपालिका ४ नं. वडा बास्तीम स्थायी ठेगाना भएका अर्जुन नेपालीका छोरा बर्ष १९ को सुशन नेपालीलाई कार्यालयबाट ट्रायल चेक जाँच लिई "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (८) एवं "स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०" को दफा ८ को उपदफा (१८) बमोजिम दैनिक ज्यालादारीमा नियुक्ति गरी सेवा करार गर्ने सर्ब सम्मत निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिकाको एम्बुलेन्स चालकलाई सुरु करार सम्झौतामा जिल्ला बाहिर बिरामी लैजाने क्रममा आतेजाते खाना तथा खाजा खर्च बापत प्रति पटकमा रु. १०००।- (एक हजार) गाउँपालिकाबाट उपलब्ध गराउदै आएकोमा २०८२ श्रावण १ गतेदेखि लागू हुने गरी थप ५००।- (पाँच सय) बृद्धि गरी प्रति पटक आवातजावत गरे बापत रु. १५००।- (एक हजार पाँच सय) उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

प्रस्तुत प्रस्ताव माथिको छलफल समाप्त भएकोले आजको बैठक समापन गरियो ।

नविन भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

किरण राई
अध्यक्ष